# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २० असार २०८०
# बुधवार
# बैठक सङ्ख्या- २२

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १४:३१ बजे प्रारम्भ भयो ।

(१४:३४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(माननीय देवेन्द्र दाहालले टेबुल ठोकेर केही कुरा भन्नखोज्नुभएको ।)

माननीय सदस्य देवेन्द्र दाहाल । छोटोमा आफ्नो भनाइ राख्नुहोला ।

(१४:३४ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यो राष्ट्रिय सभामा विनियोजन विधेयकअन्तर्गत छलफल चलिरहेको बेला एउटा विशेष परिस्थितिमा हामी यहाँ केही कुरा राख्न गैरहेका छौं । गत १८ गते भारतीय नागरिक प्रीतम सिंहको ८८ औं जन्मदिनको अवसरमा उनको छोरीले लेखेको पुस्तक विमोचन गर्ने सन्दर्भमा हाम्रो देशका सम्माननीय प्रधानमन्त्रीज्यूको अभिव्यक्तिलाई लिएर अहिले देशव्यापी रूपमा एउटा कौतुहलता जागेको छ । यो हाम्रो देशको प्रधानमन्त्री कसले बनाउँछ? हाम्रो

देशको प्रधानमन्त्री नियुक्ति कसले गर्छ । कसको इसारामा हुन्छ? सम्माननीय प्रधानमन्त्रीज्यूले त्यहाँ अभिव्यक्त गर्नुभएको छ । प्रीतम सिंह राजनीतिमा पनि चासो राख्नुहुन्थ्यो र मलाई प्रधानमन्त्री बनाउने सन्दर्भमा उहाँ पटक पटक दिल्ली जानुभयो र दिल्लीमा गएर वहाँले राजनीतिक वातावरण बनाउनुभयो भन्ने आशय र यहाँ नेपालमा पनि विभिन्न नेताहरूसँग छलफल गर्ने क्रममा भूमिका खेल्नुभयो । एउटा भारतीय नागरिक यहाँ व्यापार बिजनेस गर्ने हिसाबले बसेको नागरिकले यहाँको देशका नेताहरूसँग पनि समन्वय गर्छ र भारतमा गएर दिल्लीमा पनि नेताहरूसँग समन्वय गर्छ र प्रधानमन्त्री बनाउँछ । यो हाम्रो देशको लागि शिर निहुराउने विषय भ'को छ र वहाँ स्वयम्ले अभिव्यक्ति गर्दाखेरि हामी लज्जित भएका छौं । हामीलाई लज्जाबोध भएको छ । हामी कुन देशका नागरिक हौं? हामीले हाम्रो देशको प्रधानमन्त्री बनाउँदाखेरि यो देशको सार्वभौम संसदले बनाउँछ कि भारतको इसारामा दिल्लीको इसारामा बन्छ? भन्ने कुरा आम नेपाली जनताहरूलाई एउटा कौतुहलतापूर्वक यो कुरा सोचिरहेको अवस्था छ । त्यसले गर्दा हाम्रो पार्टी नेकपा एमाले यसलाई गम्भीर रूपमा लिएको छ र हाम्रो दलले गम्भीर रूपमा लिएको छ ।

र यसरी भारतको इसारामा एउटा देशको नागरिक, एउटा देशको प्रधानमन्त्री भारतको इसारामा प्रधानमन्त्री बन्छ भने त्यो प्रधानमन्त्री हामीलाई ग्राहय छैन । त्यो प्रधानमन्त्री हामीले स्वीकार्य छैन । त्यसकारण हामी प्रधानमन्त्रीले यो देशको प्रधानमन्त्री भनेर अहिले जुन भनिराख्नुभएको छ । वहाँले राजीनामा दिनुपर्छ । वहाँले यो देशको प्रधानमन्त्री हुने वहाँलाई कुनै अधिकार छैन । कुनै हक छैन । जब वहाँ दिल्लीको इसारामा प्रधानमन्त्री बन्नुभएको हो भने नेकपा एमालेले त्यसलाई स्वीकार्ने छैन । किन भने एउटा प्रक्रियाबाट प्रधानमन्त्री बन्छ । यो देशको नियम कानुनअनुसार प्रधानमन्त्री बन्छ । यसो हेर्दाखेरि तर के देखियो भने वहाँ त यो त देखाउने कुरा मात्रै रहेछ । यहाँ सङ्ख्या गणितको कुरा त देखाउने कुरा मात्रै रहेछ । त्यसकारण वहाँले तुरुन्तै राजीनामा दिनुपर्छ र बाटो प्रशस्त गर्नुपर्छ । हामीले भारतको इसारामा, भारतको नेतृत्वमा भारतको चाहिँ संयोजनमा भएको प्रधानमन्त्री स्वीकार्य छैन । त्यसैले गर्दा प्रधानमन्त्रीले राजीनामा नदिउन्जेलसम्म हामी यो बैठक अवरुद्ध गर्दछौं र यो बैठक सञ्चालन गर्न दिँदैनौं । अथवा यो हामी अवरुद्ध गर्न चाहन्छौं । नेकपा एमालेको दृष्टिकोण सम्माननीय अध्यक्षज्यूमार्फत यो म राख्न चाहन्छु । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सबै माननीय सदस्यहरू र माननीय डा. विमला राई पौडयाल आआफ्नो स्थानअगाडि उभिनुभएको ।)

(१४:३८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, यहाँले राख्नुभएको कुराप्रति हाम्रो ध्यानाकर्षण भा'को छ । यथा समयमा सम्माननीय प्रधानमन्त्रीजीले यसको बारेमा आफ्नो भनाइहरू जवाफहरू दिनुहुने छ र राख्नुहुने छ । आज हामी बजेटको विनियोजन विधेयकमाथिको छलफलमा छौं । र यो विनियोजन विधेयक र बजेट त हामीले निर्धारित समयमा पास गर्नुपर्ने संवैधानिक व्यवस्था पनि छ । यसकारण यहाँहरू बसेर बैठकलाई पनि सुचारु र यहाँहरूका आफ्ना भनाइ आवाजहरूलाई पनि सँगसँगै अगाडि बढाउने त्यो व्यवस्था गरौं । यसकारण म माननीयहरूलाई बस्न आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सबै माननीय सदस्यहरू र माननीय डा. विमला राई पौडयाल आआफ्नो स्थानअगाडि उभिरहनुभएको ।)

माननीयहरू बसेर संसद सुचारु गर्न सहयोग गरिदिन म फेरि पनि आग्रह गर्दछु । सम्माननीय प्रधानमन्त्रीजीले यसको बारेमा सदनलाई जानकारी गराउने, जवाफ दिने स्पष्ट पार्नुहुने छ । र वहाँले स्पष्ट पार्दा चित्त नबुझ्दा फेरि यहाँहरू अगाडि बढ्ने आफ्नो ठाउँ छँदै छ । मैले यहाँहरू आफ्नो आसन ग्रहण गरेर यो बैठकलाई नियमित गर्न सहयोग गर्नको लागि फेरि पनि आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सबै माननीय सदस्यहरू र माननीय डा. विमला राई पौडयाल आआफ्नो स्थानअगाडि उभिरहनुभएको ।)

माननीय सदस्यहरू, यो बैठक ३ बजेर १ मिनेटमा चल्ने गरी स्थगित हुन्छ ।

(तदनन्तर, यो बैठक ३ बजेर १ मिनेटमा चल्ने गरी स्थगित भयो ।)

**स्थगित:- १४:४१ बजे ।**